आज मिति २०७८।०६।०७ गते बिहीबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको ७१ औं नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरिकुमार श्रेष्ठ | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | सञ्जु बरुवाल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | रामकृष्ण बराइली | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-८ | |
| ४ | टेक बहादुर रावल | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ५ | हिरा बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ६ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ७ | गोबिन्द प्रसाद पौडेल | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ८ | लक्ष्मण बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| ९ | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| १० | राजेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष, बेनी नगरपालिका-७ | |
| ११ | बेल बहादुर चोखाल | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १२ | लोक बहादुर पुन | कार्यबाहक वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १३ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १४ | गौरी थापा मगर | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | टकसरा राना | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | गोरी दर्जी | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | दुर्गा कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | योगेन्द्रमान गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | गौमति नेपाली | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | झल प्रसाद गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | छविलाल सुवेदी | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |

अन्य उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिब प्रसाद रेग्मी | अधिकृतस्तर नवौं, बेनी नगरपालिका | |
| २ | युवराज थापा | अधिकृत सातौं, बेनी नगरपालिका | |
| ३ | प्रकाश सुवेदी | अधिकृत छैठौं | |
| ४ | दीपक शर्मा | सहायक चौथो | |
| ५ | कुलचन्द्र रेग्मी | से.ज्या. नियोजन | |
| ६ | | | |
| ७ | | | |

# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८/०६/०७ गते

आ.व. २०७८।०७९ मा बेनी नगरपालिकामा कृषि तथा पशु सेवा क्षेत्रमा बिनियोजन भएको रकमवाट देहाय अनुसार कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो।

क) कृषि कार्यक्रम

| क्र.स. | कार्यक्रम | बजेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | साना सिँचाई पूर्वाधार निर्माणका लागि ८५% अनुदान | ६००००० | |
| २ | व्यावसायिक तरकारी खेती प्रबर्द्धन कार्यक्रम | | |
| २.१ | प्लाष्टिक घर निर्माणका लागि प्लाष्टिक टनेल ५०% अनुदानमा वितरण | ३००००० | |
| २.२ | थोपा सिँचाई सेट वितरण (५०% अनुदान) | १५०००० | |
| २.३ | उन्नत जातको तरकारीको बिउ वितरण | २००००० | |
| २.४ | नर्सरी स्थापना तथा व्यावसायिक तरकारी खेती सम्बन्धी तालिम | २००००० | |
| २.५ | तरकारी खेतीका लागि सामूहिक नर्सरी व्यवस्थापन कार्यक्रम (५०% अनुदान) | २५०००० | |
| ३ | बागवानी विकास कार्यक्रम | | |
| ३.१ | हिउँदे फलफूल बेर्ना वितरण | ३५०००० | |
| ३.२ | बर्खे फलफूल बेर्ना वितरण | ३५०००० | |
| ४ | माटो सुधार कार्यक्रम | | |
| ४.१ | माटो परीक्षण शिविर संचालन | २५०००० | |
| ४.२ | माटो सुधारका लागि कृषि चुन वितरण | १४०००० | |
| ५ | क्रप कटिङ्ग | ५०००० | |
| ६ | बाली संरक्षण कार्यक्रम | | |
| ६.१ | आ.ई.पी.एम. कार्यक्रम संचालन | २००००० | |
| ६.२ | बाली सिविर | १५०००० | |
| ७ | फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम | | |
| ७.१ | फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम | २००००० | |
| ७.२ | व्यावसायिक फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम | २००००० | |
| ८ | मौरी घार गोला वितरण कार्यक्रम (५०% अनुदान) | २००००० | |
| ९ | किटनाशक, ढुसीनाशक, विषादी खरीद | ४३०००० | |

| | | | |
|---|---|---|---|
| १० | माटो परीक्षण किट बक्स खरीद | ६०००० | |
| ११ | कृषि कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन | १००००० | |
| १२ | कृषकको मागमा आधारित कृषि यन्त्र खरिद तथा वितरण ५०% अनुदान | २००००० | |
| १३ | विषादी प्रयोग बारे अध्ययन तथा अनुसन्धान | १५०००० | |
| १४ | कृषि सम्बन्धी सन्देशमुलक सुचना प्रसारण तथा सन्देशमुलक फ्लेक्स प्रिन्ट | १०००० | |
| १५ | धान दिवस कार्यक्रम | ६०००० | |
| | जम्मा | ४८००००० | |

ख) पशु सेवा कार्यक्रम

| क्र.सं. | कार्यक्रम शिर्षक | बजेट (रु) | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय कुखुरा संरक्षण कार्यक्रम ६ स्थानमा | | |
| १.१ | समूह गठन तथा परिचालन | ३०००० | |
| १.२ | समूहसँग अभिमुखीकरण | ६०००० | |
| १.३ | लोकल कुखुराका चल्ला वितरण समुहमा [६हसा] ढुवानी सहित | २४०००० | |
| १.४ | खोप तथा डिओर्मिङ | ६०००० | |
| २. | पशु आहारा विकास कार्यक्रम | | |
| २.१ | बहुवर्षीय घाँसको सेट्स सुपर स्मार्ट नेपियरमुलाटो सुम्वा सेटारीया खरीद ढुवानी सहित | ५०००० | |
| २.२ | बहुवर्षीय घाँसको बिउ-स्टाइलो सुडान रटियोसेन्टि_खरिद वितरण ढुवानि सहित | ११०००० | |
| २.३ | हिउँदे घाँस जै भेच विउ खरिद र वितरण ढुवानी सहित | १४०००० | |
| २.४ | व्यावसायिक गाई भैसी भेडा बाख्रा फर्मलाई मिनरल तथा क्यालसियम वितरण | ६०००० | |
| २.५ | परालसाइलेज तथा सुख्खा घाँस खरीद गरी ल्याउँदा ढुवानीमा अनुदान २५-५० प्रतिशत अनुदान प्रति व्यावसायीक फर्म बढीमा १ पटक खरीदमा मात्र | २००००० | |
| ३. | जिविकोपार्जन सहयोग कार्यक्रम | | |
| ३.१ | रोग निदान, परजिवी नियन्त्रण पशु पंक्षी खोप उपचार सेवा आदिमा औषधि तथा खोप खरीद | ५००००० | |

| | | | |
|---|---|---|---|
| ३.२ | पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर | १३०००० | |
| ३.३ | मागमा आधारित मेसिनरी औजार उपकरण खरीद तथा वितरण ५०-७० प्रतिशत अनुदान | २००००० | |
| ३.४ | साझेदारीमा गाई भैसी तथा बाख्राको गोठ खोर मर्मत सुधार निर्माणमा अनुदान | ५००००० | |
| ४. | भैसी विकासका लागी प्याकेज कार्यक्रम १ समूह सहकारी | ४००००० | |
| ५. | मत्स्य विकास कार्यक्रम | | |
| ५.१ | माछाका भुरा खरीद ढुवानी तथा वितरण कार्यक्रम | ६०००० | |
| ६. | सचेतना अभिवृदी कार्यक्रम | | |
| ६.१ | रेविज दिवसको अवसरमा कुकुर विरालोहरुमा निशुल्क खोप लगाउने (खोप खरीद ग्लोभ्स सिरीन्ज खरीद सहित) | ३०००० | |
| ६.२ | स्थानिय पत्रपत्रिका र एफ.एमवाट सुचना प्रसारण तथा सन्देश मुलक फेलेक्स प्रिन्ट कृषकहरुलाइ सुचना पुर्याउन सञ्चार खर्च समेत | १०००० | |
| ६.३ | पशु सेवा कार्यक्रमहरुको डकुमेन्ट्री प्रकाशन | ३०००० | |
| ७. | पशु सेवामा प्रयोग हुने औजार उपकरण खरीद | ७०००० | |
| ८. | पशु सेवा कार्यक्रम सञ्चालन तथा अनुगमन | १२०००० | |
| | जम्मा | ३०००००० | |

२. बेनी नगरपालिकाको आवधिक योजना निर्माणका लागि इ-बिडिङ प्रक्रिया मार्फत् चयन भएको कम्पनीले उपलब्ध गराइएको समयावधी भित्र निर्माण कार्य विविध कारणले गर्न नसकेको भनी म्याद थपको लागि निवेदन गरेकोले २०७८ असोज २५ गते सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

. २०७८ सालको मनसुनजन्य विपद्का कारणबाट बेनी नगर क्षेत्रका नगर स्तरीय तथा वडा स्तरीय मोटर गुड्ने सडकहरुमा क्षति पुगी आवतजावतमा असहज भएकोले प्राविधिक इस्टिमेट अनुसार सडकहरु मर्मत गर्ने निर्णय गरियो।

. नेपाली सेनाको शत्रुभञ्जन गुल्म, अथुङ्गे व्यारेक र गैर सरकारी सङ्गठन वन हार्टको साझेदारीमा बेनी नगरपालिका, वडा नं. ३, भकिम्ली स्थित भकिम्ली स्वास्थ्य चौकीको लागि आवश्यक पर्ने भवन निर्माण कार्यमा बेनी नगरपालिकाको तर्फबाट रु पाँच लाख (समपुरक कोषबाट व्ययभार हुने गरी) साझेदारी गर्ने निर्णय गरियो।

. संघीय सरकारबाट ECD का कर्मचारीहरुको लागि तलब भत्ताका सम्बन्धमा सम्बोधन भएता पनि बजेट बारे स्पष्ट व्यवस्था नभएकोले सो सम्बन्धमा संघीय सरकारबाट आगामी दिनमा संबोधन हुने नहुने निर्णय, निर्देशन

अनुसार व्यवस्थापन गर्ने तथा यदी सम्बोधन नभएमा नगरपालिकाको संचित कोषबाट व्ययभार हुने गरी व्यवस्था मिलाउने निर्णय गरियो।

६. २०७८ साउन, भदौमा बेनी नगरपालिका अन्तर्गतका नदी किनारमा नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) कानून बमोजिम ठेक्का खोल्ने समय अगावै अनाधिकृत रुपमा उत्खनन सङ्कलन कार्य गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय, म्याग्दीले मेसिनहरु नियन्त्रणमा लिने कार्य गरेकोले जिल्ला अनुगमन समिति, म्याग्दीले तोकेको जरीवाना वापत् यस कार्यालयमा प्राप्त भएको रकम रु १,३०,००० (अक्षेरुपी एक लाख तीस हजार रुपैयाँ) को २० (बिस) प्रतिशतले हुने रु २६००० (अक्षेरुपी छब्बिस हजार रुपैया) उक्त कार्यमा सहयोग पुर्याउने जिल्ला प्रहरी कार्यालय, म्याग्दीलाई उपलब्ध गराउने तथा अब उप्रान्त सोही किसिमले यस नगर क्षेत्रमा अनाधिकृत रुपमा नदिजन्य पदार्थ उत्खनन संकलन गर्ने कार्य रोकी मेसिनहरु नियन्त्रण लिए वापत् प्राप्त हुने जरिवाना रकमको बिस प्रतिशतका दरले प्रोत्साहन स्वरुप जिल्ला प्रहरी कार्यालय, म्याग्दीलाई रकम भुक्तानी दिदैं जाने निर्णय गरियो।

७. गोवर ग्यास प्लान्ट निर्माण अनुदानको लागि यस नगरपालिकामा निवेदन पेश गरेका निवेदकहरुका लागि प्राविधिक प्रतिवेदन अनुसार रु ५०,००० (अक्षेरुपी पचास हजार रुपैयाँ) का दरले अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो।

८. बेनी नगरपालिकाको स्टोरका रुपमा भाडामा लिइएको बेनी नगरपालिका, वडा नं. ७, बैंक रोड स्थित सुवर्ण श्रेष्ठको घरको घरभाडा सम्झौताको म्याद आ.व. २०७८/७९ का लागि थप गर्ने निर्णय गरियो।

९. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ को (ज) अनुसार बेनी नगरपालिकाको आ.व. २०७६/०७७ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो।

१०. बेनी नगरपालिका वडा नं. ७ र ८ स्थित बेनी बजार क्षेत्रमा जडान गरिएका सिसिटिभी क्यामेराहरुको आवश्यकता अनुसार मर्मत गरी मर्मत वापतको रकम बेनी नगरपालिकाको साझेदारी कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

११. बेनी नगरपालिका, वडा नं ६ स्थित जामुनाखर्क वृहत खानेपानी योजनाको बिस्तृत परियोजना प्रतिवेदन (D.P.R) तयार गर्नका लागि आवश्यक बजेट बिनियोजन गर्ने निर्णय गरियो।

१२. बेनी नगरपालिका, वडा नं ७, मंगलघाट स्थित प्रहरी बिट रहेको भवन मनसुनजन्य बाढी तथा पहिरोका कारण पूर्ण क्षति पुगेकोले घर भाडामा लिई व्यवस्थापन गरिएकोमा उपयुक्त स्थानमा प्राविधिक प्रतिवेदन अनुसार भवन निर्माण गरी भवन उक्त प्रहरी बिटलाई उपलब्ध गराउने निर्णय गरियो।

१३. कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रण लागि गरिएको बन्दाबन्दीको अवस्थालाई मध्यनजर गरी बेनी नगरपालिका, वडा नं. ७ र ८ को बजार क्षेत्रमा आ.व. २०७७।७८ मा तिर्नु पर्ने फोहोरमैला शुल्क समयावधी भित्र नतिरेका सेवाग्राहीहरुलाई एक पटकका लागि समयावधी कटे पश्चात् लाग्ने जरीवाना वापतको शुल्क छुट गर्ने निर्णय गरियो।